कर्जा सूचना केन्द्र लिमिटेडको
सातौ वार्षिक साधारण सभाको
अभिलेख (माईन्यूट)

१. **वैधानिक सभा :**

कर्जा सूचना केन्द्र लिमिटेड सञ्चालक समितिको २०६८ आश्विन १० गते बसेको ५९औं बैठकको निर्णय अनुसार प्रचलित कम्पनी कानून तथा केन्द्रको प्रबन्धपत्र र नियमावली बमोजिम केन्द्रको सातौं वार्षिक साधारण सभा केन्द्रको संचालक समितिका अध्यक्ष श्री अशोक शम्सेर राणाज्यूको सभापतित्वमा अमृतभोग, कालिकास्थान,डिल्लीबजार काठमाण्डौंमा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको स्थान, मिति र समय :**

मिति : २०६८ साल पौष ८ गते शुक्रवार (डिसेम्बर २३, २०११) ।
समय : दिनको ४:०० बजे प्रारम्भ भई साँझ ५:३० सम्पन्न भयो ।
स्थान : अमृतभोग, कालिकास्थान,डिल्लीबजार, काठमाण्डौं ।

३. **सभाको सूचना :**

यस सातौं वार्षिक साधारण सभाको सूचना २०६८ साल मंसिर १४ र १५ गतेको कारोबार दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको तथा साधारण सभाको सूचना सहितको बार्षिक प्रतिवेदन केन्द्रका शेयरधनी महानुभावहरुको ठेगानामा प्रेषित गरिएको कुरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

४. **छलफलको बिषयहरु :**

(क) सामान्य प्रस्तावहरु

१. सञ्चालक समितिको तर्फबाट प्रेषित अध्यक्षज्यूको प्रतिवेदन उपर छलफल र पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०६७/०६८ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने ।
३. आ.व. २०६८/०६९ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (लेखापरीक्षण समितिबाट सि.एस.सि.एण्ड कम्पनी लाई नियुक्तिका लागि सिफारीस भएको छ)
४. संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुजींको २१.०५ प्रतिशत नगद लाभांश विवरण गर्न स्वीकृत गर्ने ।
५. आगामी ४ बर्षको लागि संचालक समितिको निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्ताव

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको २० प्रतिशत बोनस शेयर बितरण गर्न स्वीकृत गर्ने ।

(ग) विविध

५. उपस्थिति :

१.संचालक समितिका सदस्यहरु :

(१) अध्यक्ष, श्री अशोक शम्सेर राणा - अध्यक्ष
(२) सदस्य डा.मिन बहादुर श्रेष्ठ - संचालक
(३) सदस्य, श्री राम सान्त श्रेष्ठ - संचालक
(४) सदस्य, श्री गोपि भण्डारी - संचालक
(५) सदस्य, श्री निर्मल दाहाल - संचालक
(६) सदस्य, श्री सिद्धान्त राज पाण्डे - संचालक
(७) सदस्य, श्री नीना थापा - संचालक

२.शेयरधनीहरु :

(१) शेयरधनी संस्थाका प्रतिनिधिहरु स्वंयम उपस्थित : ३४ जना
(२) प्रोक्सी मार्फत उपस्थित : ० (शुन्य)

३.पदाधिकारीहरु :

(१) श्री अनिल चन्द्र अधिकारी - कार्यकारी प्रमुख
(२) श्री एल.डि. महत - लेखापरीक्षक
(३) श्री कृष्ण प्रसाद पनेरु - निर्वाचन अधिकृत

६. गणपूरक संख्याँ :

यस साधारण सभामा निम्न बमोजिम शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

विवरण	उपस्थिति		शेयर संख्याको प्रतिनिधित्व प्रतिशत
	कुल संख्या	शेयरधनी संस्थाका प्रतिनिधि	
शेयरधनीहरु	६९	३४ जना	४९.२८
शेयर संख्या	७१८,१०१	४३६,७९४	६०.८३

७ सभाको बैधानिकता :

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२), केन्द्रको नियमावलीको नियम १० अनुसार बोलाईएको यस सातौं वार्षिक साधारण सभामा कम्पनी ऐन २०६३ को दफा ७३, केन्द्रको नियमावलीको नियम ११ बमोजिम कूल शेयर संख्याको पचास प्रतिशत भन्दाबढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनी स्वयम वा आफ्नो प्रतिनिधि उपस्थित भएमा साधारण सभाको कामकारवाही शुरु हुने भन्ने व्यवस्था भएको हुँदा यस सभामा कूल शेयर संख्याको पचास प्रतिशत भन्दाबढी र कूल शेयरधनीमध्ये ३४ जनाको उपस्थिति भएकोले कम्पनी ऐन २०६३ को दफा ६९ अनुसार यस सभाको पूर्ण बैधानिकता पुगेको व्यहोरा कम्पनी सचिवबाट जानकारीमा लिइयो ।

८. सभाको सभापतित्व र सभा सञ्चालन :

सभाको बैधानिकताको एकिन भएपछि कम्पनी ऐन, २०६३ को दफा ७४(१) र केन्द्रको नियमावलीको दफा ११ अनुसार केन्द्रको सातौ वार्षिक साधारण सभाको सभापतित्व संचालक

समितिका अध्यक्ष श्री अशोक शम्सेर राणाज्यूले गर्नुभयो । सभापतिको अनुमतिले कम्पनी सचिवबाट सभाको काम कारवाही अगाडी बढाउनु भयो ।

९. स्वागत मन्तव्य :

केन्द्रका कार्यकारी प्रमुख श्री अनिल चन्द्र अधिकारीबाट सभामा भाग लिन उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अभिवादन तथा स्वागत गर्दै आफ्नो मनतब्य सभा समक्ष राख्नु भयो ।

१०. बार्षिक प्रतिवेदन प्रस्तुत

१. सभाका सभापति श्री अशोक शम्सेर राणाज्यूले संचालक समितिको तर्फबाट आर्थिक बर्ष २०६७/०६८ को लागि संचालक समितिको प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

२ संचालक समितिको प्रतिवेदन प्रस्तुति पश्चात सभापति महोदयज्युले २०६७ श्रावण १ गते देखि २०६८ अषाढ ३१ सम्मको वासलात,नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विबरण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

११. सभाको निर्णयहरु :

१२ (क) सामान्य प्रस्ताव

१. संचालक समितिको तर्फबाट पेश गरेको आ.व.२०६७/०६८ (२०६७ श्रावण १ गते देखि २०६८ अषाढ मसान्तसम्म) को वार्षिक प्रतिवेदन तथा केन्द्रको आगामी कार्यक्रम सहितको प्रस्तावहरु पारित गरियोस भनि सभाका सभापति महोदयले राख्नु भएको प्रस्ताव माथी छलफल भई सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

२. आ.व.२०६७/०६८ (२०६७ श्रावण १ गते देखि २०६८ अषाढ मसान्तसम्म) को लेखापरीक्षकको प्रतिवेदन सहित वासलात एवं नाफा नोक्सान हिसाव पारित गरियोस भनि सभाका सभापतिज्यूले सभामा राख्नु भएको प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. आ.व.२०६८/०६९ को लागि लेखापरीक्षकमा CSC & C0. Chartered Accountant लाई नियुक्त गरियोस भनी सभाका सभापतिमहोदयले राख्नुभएको प्रस्ताव उपर छलफल गरि निजलाई नै Tax Audit सहित रु ८८,०००/- (अक्षरेपी रुपैंया अठासी हजार मात्र) पारिश्रमिक दिने गरि लेखापरीक्षकमा नियुक्त गर्ने निर्णय सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम २०६८ असार मसान्त सम्मको चुक्तापुजीको २१.०५ प्रतिशत नगद लाभांश बितरण गर्न स्वकिृती दिने निर्णय भयो ।

५. मिति २०६९ बैशाख १५ गते देखि चार बर्षको कार्यकाल शुरु हुने संचालक समितिका पदाधिकारीहरुको निर्वाचन गर्नका लागि अधिवक्ता श्री कृष्ण प्रसाद पनेरुलाई निर्वाचन अधिकृत नियुक्त गरि निर्वाचन निर्देशिका बमोजिम निर्वाचन कार्य सम्पन्न गर्न अख्तियारी

दिएकोमा निर्वाचन अधिकृत श्री कृष्ण प्रसाद पनेरुबाट तपसिलमा उल्लेख भएका व्यक्तिहरु निर्बिरोध निर्वाचित भएको घोषणा गर्नु भएको हुदा उपरोक्त निर्बिरोध निर्वाचित नामावलीलाई अनुमोदन गर्ने निर्णय भयो । साथै उहाँहरुको आगामी कार्यकालको सफलताको लागि शुभकामना दिने निर्णय भयो ।

(क) "क" बर्गको ईजाजतपत्रप्राप्त संस्थाहरुको (बाणिज्य बैंक) समुहबाट

क.स.	उम्मेदवारको नाम	बैंकको नाम	कैफियत
१	ज्योति प्रकाश पाण्डे	नेपाल ईन्भेष्टमेण्ट बैंक लिमिटेड	निर्बिरोध निर्वाचित
२	अजय श्रेष्ठ	बैंक अफ काठमाण्डु लिमिटेड	निर्बिरोध निर्वाचित
३	कमल ज्ञवाली	किष्ट बैंक लिमिटेड	निर्बिरोध निर्वाचित
४	राम बहादुर खड्का	कृषि विकास बैंक लिमिटेड	निर्बिरोध निर्वाचित

(ख) "ख" बर्गको ईजाजतपत्रप्राप्त संस्थाहरुको (विकास बैंक) समुहबाट

क.स.	उम्मेदवारको नाम	बैंकको नाम	कैफियत
१	सिद्धान्त राज पाण्डे	एस डेभलपमेण्ट बैंक लिमिटेड	निर्बिरोध निर्वाचित

(ग) "ग" बर्गको ईजाजतपत्रप्राप्त संस्थाहरुको (फाईनान्स्) समुहबाट

क.स.	उम्मेदवारको नाम	बैंकको नाम	कैफियत
१	राजेन्द्रमान शाक्य	सीएमबी फाईनान्स लिमिटेड	निर्बिरोध निर्वाचित

१२ (ख) बिशेष प्रस्ताव :

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम २० प्रतिशत बोनश शेयर बितरण गर्ने सम्वन्धी बिशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

१३. धन्यवाद ज्ञापन : श्री राम सान्त श्रेष्ठबाट

केन्द्रलाई यस स्थान सम्म पु-याउन महत्वपुर्ण योगदान दिने केन्द्रका शेयरधनी महानुभावहरु, लेखापरीक्षक,व्यबस्थापन,केन्द्रका कर्मचारीहरु तथा सम्बन्धित सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

१४. सभा विसर्जन :

अन्तमा सभाका सभापति श्री अशोक शम्सेर राणाज्यूले छलफल गर्नुपर्ने बिषय बाँकी नभएकोले छैठौ वार्षिक सधारण सभा साँझ ५.३० बजे बिसर्जन भएको घोषणा गर्नु भयो ।

.....
श्री अनिल चन्द्र अधिकारी
(कार्यकारी प्रमुख/कम्पनी सचिव)

.....
श्री अशोक शम्सेर राणा
(अध्यक्ष)